# महाकाली नगरपालिका राजपत्र

खण्डः-०१ संख्याः-१६ मितिः २०७५/०१/२६

**महाकाली नगरपालिकाबाट प्रकाशित**

**भाग-२**


## मर्मत सम्भार कोष सञ्चालन निर्देशिका, २०७५

**पृष्ठभूमिः**

नेपालको संविधान २०७२ को अनुसूचि ८ ले स्थानीय तहलाई २२ प्रकारका अधिकारको प्रयोग गर्न सक्ने व्यवस्था गरेको र अनुसूचि ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरुको व्यवस्था भए वमोजिम ती अधिकारलाई कृयाशील वनाउन नेपाल सरकारले मिति २०७४।६।२९ गते स्थानीय सरकार संचालन ऐन २०७४ जारी गरेको र सो ऐनको दफा १०२ को उपदफा २ वमोजिम महाकाली नगरपालिकाले सडक, पुल, पुलेसा,ढल, सिंचाई, खानेपानी लगायतका भौतिक पूर्वाधारका संरचनाहरुलाई आवश्यकता अनुसार मर्मत गरी दिर्घ कालसम्म संचालनमा ल्याउन दिएको अधिकारको प्रयोग गरी महाकाली नगरपालिकाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

# परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१. यस निर्देशिकाको नाम महाकाली नगरपालिकाको मर्मत सम्भार कोष संचालन निर्देशिका, २०७५ रहेको छ ।

२. यो निर्देशिका नगर कार्यपालिकावाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम वनेको मर्मत सम्भार कोष सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले महाकाली नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले कोष संचालनको लागि गठन भएको समिति सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले महाकाली नगरपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाकाली नगरपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "संयोजक" भन्नाले मर्मत सम्भार कोष संचालक समितिको संयोजकलाई सम्झनु पर्छ ।

(झ) "सदस्य सचिव" भन्नाले मर्मत सम्भार विशेष कोष सञ्चालन समितिको सदस्य सचिवलाई सम्झनु पर्छ ।

(ञ "गैर सरकाली संस्था" भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिवत रुपले दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ट) "पूर्वाधार" भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक शौचालय र सांस्कृतिक सम्पदाहरुलाई सम्झनु पर्छ

(ठ) "मर्मत सम्भार" भन्नाले नगरपालिका लगायत वडा कार्यालय र उपभोक्ता समितिहरुवाट निर्माण सम्पन्न गरिएका पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार गर्ने कार्य भन्ने सम्झनु पर्छ ।

## २. उद्देश्य

यस निर्देशिकाको प्रमुख उद्देश्य महाकाली नगरपालिका भित्र रहेका सडक, वाटो, पुल, पुलेसा, ढल, सिंचाई, खानेपानी लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार गर्ने प्रणालीको विकास गर्नु रहेको छ । साथै नियमित रुपमा मर्मत गरिनु पर्ने सडक,बाटो आदिको पहिचान गर्ने, लागत अनुमानमा एक रुपता कायम गर्न र नगरपालिका भित्र मर्मत गर्नु पर्ने र नपर्ने पूर्वाधारहरुको विवरण बनाई नगरपालिकाको

काम कारवाहीमा एकरुपता कायम गर्ने नै भएता पनि यस वाहेकका अन्य उद्देश्यहरु तल उल्लेख गरिएको छ

१. महाकाली नगरपालिका भित्र रहेका सडक, बाटो, पुल,पुलेशा, ढल, सिंचाई खानेपानी लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार गर्ने प्रणालीको विकास गर्ने ।
२. नियमित रुपमा मर्मत गरिनु पर्ने सडक, बाटो, पुल आदिको पहिचान गर्ने ।
३. नगरपालिका भित्र मर्मत गर्नु पर्ने र नपर्ने पूर्वाधारहरुको विवरण वनाई नगरपालिकाका काम कामकारवाहीमा एकरुपता कायम गर्ने ।
४. पुराना योजनालाई विचमा रोकेर नया योजना माग गर्ने प्रकृयालाई निरुत्साहित गर्ने ।
५. स साना मर्मत सम्भार तथा आयोजनाहरुवाट निरन्तर लाभ लिने क्षमताको विकास स्थानीय उपभोक्तामा गराउने ।
६. स साना आयोजना तथा योजनाका लागि पनि दाता खोज्ने प्रवृक्तिलाई निरुत्साहित गर्दै जाने ।

७. मर्मत सम्भार कार्यहरुलाई सहयोग दिई कार्यमा सरलता ल्याउने ।
८. आयोजनाहरु सम्पन्न भएपछि दिगोपना कायम राख्ने ।
९. नगर क्षेत्रभित्र सेवाग्राहिहरुको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्ने ।
१०. स्थानीय स्रोत साधनको व्यवस्थीत रुपमा परिचालन गर्ने ।
११. उपभोक्ता समिति, सरकारी तथा गैर सरकारी निकायहरुवाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय जनसमुदायको अपनत्व वृद्धि गर्ने ।
१२.स्थानीय उपभोक्ताहरुलाई सम्पन्न तथा निर्माणाधीन योजना तथा आयोजनाहरुमा हाम्रो, हामीले र हाम्रा लागि भन्ने भावना जागृत गराउने
१३. आपतकालिन आवस्थामा पनि प्रयोग गर्ने ।

## ३. निर्देशिकाको प्रयोग

यस निर्देशिकाको प्रयोग महाकाली नगरपालिका, वडाकार्यालय भित्र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १५ वमोजिम हुनेछ ।

## ४. आवश्यकता

स्थानीय तहमा बढ्दै गएको कार्यक्षेत्रको विस्तारका साथै सम्पन्न भए गरेका विकास निर्माण कार्यहरुको दिगोपना कायम गरी नगरवासीहरुमा भरपर्दो सेवा प्रवाह गर्न, नेपाल सरकार लगायत अन्य निकायहरुवाट भएको लगानीको प्रतिफल हासिल गर्न, विकास खर्चमा मितव्ययीता कायम गर्न, पूर्वाधारहरुको दिर्धकालीन प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध

गराउनका लागि योजनावद्ध, नियमित, प्रभावकारी रुपमा मर्मत सम्भार कार्य परिचालन गर्न अति आवश्यक भएको छ । यसका लागि देहायका कारणवाट पनि यसको आवश्यकता बुदागत रुपमा उल्लेख गरिएको छ ।

१. सम्पन्न भएका विकास निर्माण कार्यहरुको दिगोपना कायम गरी नगरवासीमा भरपर्दो सेवा प्रवाह गर्ने ।
२. महाकाली नगरक्षेत्र भित्र रहेका सडकहरु लगायत अन्य पूर्वाधारहरुको सेवालाई सुचारु राख्ने ।
३. सम्भावित दुर्घटनालाई घटाउने ।
४. सेवा प्रवाहलाई सुनिश्चितता प्रदान गर्ने ।
५. जटिल किसिमका क्षतीवाट जोगाउन
६. नगरपालिका लगायतवाट भएको लगानीको संरक्षण गर्ने ।
७. वातावरणीय समस्यावाट जोगाई राख्ने ।

## ५. उपभोक्ता समूह गठन गर्न सक्ने

आयोजना कार्यान्वयन गर्दा आयोजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येवाट नगरपालिकाले सम्वन्धित निकाय मार्फत उपभोक्ता समूह गठन गर्न सक्ने छ ।

## ६. गैर सरकारी संस्थालाई प्रोत्साहित गर्ने

नगरपालिकाको क्षेत्र भित्र विकास सम्वन्धि कार्यक्रमको पहिचान, तर्जुमा, संचालन, रेखदेख, मूल्यांकन तथा मर्मत सम्भार गर्ने कार्यका लागि गैर सरकारी संस्थालाई प्रोत्साहित गर्नु पर्नेछ । यसरी संचालित कार्यक्रमहरुमा गैर सरकारी संस्थााहरुले आफ्नै स्रोत र नगरपालिकावाट प्राप्त स्रोतवाट संचालन गर्न सक्नेछन् । यसरी आयोजना संचालन गर्ने गैर सरकारी संस्थाहरुले आयोजना तथा कार्यक्रमहरुको पूर्ण विवरण सम्वन्धित नगरपालिकामा पेश गर्नु पर्नेछ । नगरपालिकाले पनि मर्मत सम्भार लगायतका कार्यहरु सम्वन्धित क्षेत्रका गैर सरकारी संस्था मार्फत योजना तथा कार्यक्रमहरु कार्यान्वयन र संचालन गर्न सक्ने छ ।

## परिच्छेद २
## मर्मत सम्भार सम्वन्धि नीति तथा कार्यनीति

## ७. मर्मत सम्भार सम्वन्धी नीति

नगर क्षेत्र भित्रका सवै पूर्वाधारहरुको स्थायी र दिगोपनाको लागि आवश्यक मर्मत सम्भार कार्य गर्न महाकाली नगरपालिकाले अनुकुल वातावरण तयार गर्ने नीति लिनेछ ।

## ८. कार्य नीति

१. मर्मत सम्भार कार्य भरसक श्रम प्रदान वा कामदारहरु सोभै परिचालन गरी वा उपभोक्ता समितिको माध्यमवाट वा ठेक्का पट्टावाट गराउने

२. सडक लगायतका पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका जनता, उपभोक्ता समितिलाई नगरपालिकाको आवश्यक पहलमा मर्मत सम्भार कार्य सहितको जिम्मेवारी क्रमश दिदै जाने ।

३. मर्मत सम्भार सहित दिगो उपयोगिताको लागि स्थानीय तहको आफ्नै स्रोत, नेपाल सरकारको अनुदान अन्तरगत पूर्वाधार क्षेत्रका लागि वार्षिक रुपमा विनियोजित रकमको निश्चित प्रतिशत रकम मर्मत सम्भारको लागि उपयोग गर्ने ।

४. मर्मत सम्भार कार्य भरसक श्रममूलक स्थानीय नेतृत्व हुने गरी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रकृयावाट संचालन गर्ने ।

५. सम्भव भएसम्म स्थानीय नागरिकको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

६. प्रत्येक वर्ष मर्मत सम्भार कार्यको लागि आवश्यक सूचि तयार गरी सम्भाव्य क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सूचारु गर्नु पर्ने जस्ता कुराहरुलाई वढी ध्यान दिई यस किसिमको कार्यलाई सहज र सरल वनाउने ।

८. मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी नगरपालिकाले उपभोक्ता समितिलाई हस्तान्तण गर्दै जाने ।

९. मर्मत सम्भार तथा संचालन व्यवस्थापन सम्वन्धी निर्देशिका कार्यान्वयनका लागि नगरपालिका, नगरवासी तथा उपभोक्ता समितिहरुले समय समयमा वैठक वसी देखिएका समस्या समाधानका लागि आवश्यक व्यवस्था गर्ने ।

## ९. मर्मत सम्भार सम्वन्धी कार्य कार्यान्वयन सम्वन्धि व्यवस्था

मर्मत संभार सम्वन्धि कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउदा देहाय अनुसार गर्नु पर्ने छ ।

१. स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य प्रचलित कानून वमोजिम हुने गरी कार्यक्रम स्थानीय उपभोक्ता समूहद्धारा गठित उपभोक्ता समिति मार्फत गराउन प्राथमिकता दिनु पर्ने ।

२. माथि उल्लेखित प्रकृयावाट काम गराउने प्रयोजनको लागि नगरपालिकाले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गिकरण र सूचिकृत गरी उनीहरुको लागत अधावधिक गर्नु पर्नेछ ।

३. उपनियम १ वमोजिम उपभोक्ता समितिद्धारा स्थानीय आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा वा संचालन गराउदा देहाय वमोजिम गर्नु पर्ने छ ।

(क) उपभोक्ता समिति मार्फत गराउदा लागत, काम सम्पन्न गर्नु पर्ने अवधि, सम्पन्न कामको संचालन तथा मर्मत सम्भार र आवश्यक अन्य कुराहरु समेत स्पस्ट खोली सम्वन्धित स्थानीय तह र उपभोक्ता समिति विच सम्झौता गर्नु पर्ने छ ।

(ख) यस कार्यालयका लागि नगरपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जांच पास लगायत अन्य प्राविधिक सहयोग उपलव्ध गराउनु पर्नेछ ।

(ग) प्राविधिकले लागत अनुमान गर्दा जनसहभागिताको अंश समेत किटानी साथ उल्लेख गर्नुपर्नेछ । यस्तो लागत अनुमानको रकममा मूल्य अभिवृद्धि कर, शिरोभार तथा कन्टिन्जेन्सी रकम र जनसहभागीता अंश कट्टी गरी उपभोक्ता समितिलाई काम दिनु पर्नेछ ।

(घ) उपभोक्ता समितिले निर्माण सम्वन्धी काम सम्पन्न गरिसकेपछि प्राविधिकवाट नापजांच गराई उक्त कार्यका लागि प्राप्त रकम र जनसहभागीतावाट व्यहोरेको श्रम वा नगद वा जिन्सी समावेश भएको कूल खर्चको विवरण र वहुमत उपभोक्ता समूहको उपस्थिति र निर्णयको प्रमाणित प्रतिलिपि समेत नगरपालिकामा पेश गर्नु पर्नेछ । यसरी विवरण प्राप्त भएपछि नगरपालिकाले आवश्यक ठानेमा सार्वजनिक परीक्षण समेत गराई सो सहितको अभिलेख खडा गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समितिले गराएको काम ठेकेदारवाट गराउनु हुदैन । उपभोक्ता समितिले समयमा काम गराउन नसकेमा नगरपालिकाले प्रचलित नियम बमोजिम वा अन्य प्रक्रियाबाट काम गराउन सक्नेछ । उपभोक्ता समितिले रकम दुरुपयोग गरेको बुझिन आएमा छानविन गरी दुरुपयोग भएजति रकम उपभोक्ता समितिको पदाधिकारीवाट दामासाहीले सरकारी बांकीसरह असुल उपर गरिने छ ।

(च) उपभोक्ता समितिवाट सम्पन्न हुने कामको मर्मत सम्भारको जिम्मा सोही उपभोक्ता समितिको हुने भन्ने कुरा सम्झौतामा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(छ) उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भए पछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोत्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्नेछ । यसरी हस्तान्तरण भै प्राप्त आयोजनाको सेवा वापत उपभोक्ता समितिले दसतुर तोकी आफ्नो कोष खडा गरी संचालन गर्न सक्नेछ ।

(ज) वढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनको वढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रमप्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रममात्र उपभोक्ता समिति मार्फत गराउनु पर्नेछ ।

(झ) उपभोक्ता समितिले लिएको पेश्की फछ्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्यांकन, सम्झौता तथा कार्यसम्पादनको आधारमा नापजांच र मूल्य खुलेको रनिङ विल, उपभोक्ता समितिको वैठकको निर्णयको प्रतिलिपि सहित सम्वन्धित निकायमा निवेदन गर्नु पर्नेछ ।

(ञ) उपभोक्ता समितिवाट सम्झौता वमोजिमको विवरण प्रस्तुत भई पेश्की फर्छ्यौट भए जतिको रकममा अर्को किस्ता कायम गरी पेश्कीको रुपमा सोधभर्ना दिनु पर्नेछ ।

(ट) उपभोक्ता समितिले गरेका खर्चको श्रेस्ता,विल, भरपाई सम्वन्धित निकायले जुनसुकै समयमा पनि कर्मचारी खटाई जांच गरी प्रतिवेदन लिन सक्नेछ ।

(ठ) उपभोक्ता समितिले नगरपालिका समक्ष कामको लागि निवेदन प्रस्तुत गर्दा नगरपालिकाले उपभोक्ता समितिसंग सम्झौता गर्दा उपभोक्ता समितिले गर्ने योगदानको रकम खुलाउनु पर्नेछ र उपभोक्ता समितिले कार्य गर्दा सो अनुरुप गरी हिसाव किताव राख्नु पर्नेछ ।

(ड) उपभोक्ता समितिवाट गराएको कामका लागि नगरपालिकावाट प्राविधिक सहयोग उपलव्ध गराउन कुनै कारणले सम्भव नभएमा तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले आफ्नै तर्फवाट करारमा प्राविधिक नियुक्त गर्न सक्नेछ । यसरी नियुक्त गरिएको प्राविधिकलाई दिनु पर्ने पारिश्रमिक कन्टीन्जेन्सीवाट भुक्तानी गर्नु पर्नेछ । यस किसिमको पारिश्रमिक लागत अनुमानको तीन प्रतिसत भन्दा वढी हुने छैन ।

(ढ) आयोजनावाट प्रत्यक्ष लाभ पाउने उपभोक्तावाट गठित उपभोक्ता समितिको कूल सदस्य मध्ये महिला सदस्य तेतीस प्रतिसतमा नघट्ने गरी र उपलव्ध भए सम्म दलित, आदिवासी र जनजातीको समेत प्रतिनिधित्व भएको हुनु पर्नेछ । तर सम्वन्धीत स्थानीय तहको निर्वाचित बहालवाला पदाधिकारी उपभोक्ता समितिमा रहन पाउने छैन ।

(ण) उपभोक्ता समितिले आफूले जिम्मा लिएको काम सम्पन्न गर्न थप म्याद आवश्यक भएमा कारण सहित निवेदन दिएमा खण्ड (त) बमोजिमको उपभोक्ता समूह र उपभोक्ता समितिले गरेको निर्णयको आधारमा नगरपालिकाले म्याद थप गर्नेछ । तर साधारणतया यस्तो म्याद थपको अवधि कार्य सम्पन्न गर्नुपर्ने अवधिभन्दा बढी हुने छैन ।

(त) उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्यांकन र नापी किताबको आधारमा किस्ता दिइने छ । यसरी सम्पन्न भएको कार्यको प्रकृति हेरी छ महिना भित्र निर्माण कार्यमा कुनै त्रुटी भई सच्याउनु पर्ने भएमा निर्माण कार्य गर्ने उपभोक्ता समितिले नै आफ्नो खर्चमा सच्याउनु पर्नेछ ।

(थ) निर्माण कार्य वाहेक अन्य कार्यक्रम उपभोक्ता समितिसंग सम्झौता गरी सञ्चालन वा कार्य सम्पन्न गराउदा स्वीकृत नर्म्स, मापदण्ड, र लागतको प्रस्ताव स्वीकृत गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

(द) उपभोक्ता समितिलाई एकपटक उपलव्ध गराएको काम सम्पन्न नभई अर्को काम दिइने छैन ।

४. मर्मत सम्भार कर्ता वा कामदार समूहको व्यवस्थावाट हुन नसकिने तथा प्राविधिक दृष्टीले जटिल एवं मेशीनरीको उपयोग गर्नु पर्ने मर्मत सम्भार कार्य मात्र ठेक्का पट्टाबाट सम्पन्न गरिने छ ।

५. सम्भारकर्ता वा कामदारहरको डोर हाजिर फाराम भरी तोकिएको व्यक्ति वा प्राविधिकको सिफारिसमा उपभोक्ता समितिले भुक्तानी गर्नेछ ।

६. सडक लगायतका पूर्वाधारहरुको मर्मत सम्भारका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति नगरपालिकाले उपलव्ध गराउनेछ ।

७. नगरपालिकाबाट आवश्यक जनशक्ति उपलव्ध नहुने अवस्थामा नगरपालिकाको स्वीकृत लिई सम्वन्धित उपभोक्ता समिति आफैले उपयुक्त किसिमको जनशक्तिको व्यवस्था गरी सेवा लिन सकिनेछ ।

## १०.योजनाको तर्जुमा तथा कार्यान्वयन

सहभागितात्मक प्रकृयावाट मर्मत सम्भार योजना तर्जुमा गर्नु पर्दछ । जसको प्रकृया देहाय वमोजिम हुनेछ ।

१. समितिको गठन तथा कोषको व्यवस्थापन

२. भौतिक अवस्थाको विवरण संकलन, प्राप्त विवरणको लेखाजोखा तथा छलफल

३. प्रारम्भिक लागत अनुमान र प्राथमिकीकरण

४. विस्तृत अध्ययन तथा लागत अनुमानको तयारी

५. समितिवाट योजना सहितको कार्यक्रमको तयारी

६. योजना शाखावाट निरिक्षण र उपभोक्ता समितिहरुको गठन

७. नगर विकास कार्यक्रममा समावेश

८. कार्यान्वयन व्यवस्थापन तथा सार्वजनिक परिक्षण

९. अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण

१०. कार्य सम्पन्न प्रतिवेदन

११. समिक्षा

## ११. मर्मत सम्भारको कार्य

मर्मत सम्भार सम्वन्धी कार्य गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रकृया पुरा गरी गर्नु पर्ने छ ।

**परिच्छेद ३**

**कोष व्यवस्थापन सम्वन्धी व्यवस्था**

## १२. कोषको स्थापना र खाता संचालन

१. एक मर्मत सम्भार कोष स्थापना गरिने छ ।

२. उप दफा १ बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् ।

(क)मर्मत सम्भार कोषका लागि हाल सम्म छुट्टाईएको रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा नगर सभाले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयवाट विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति वा संस्था वा निकायद्धारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम

(घ) नगर सभाको स्वीकृतीमा प्राप्त अन्य रकम,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारवाट विनियोजित अन्य रकम

(च) नगरपालिकावाट प्रत्येक बर्ष संचालन हुने योजनाहरुबाट मर्मत सम्भार वापत २ प्रतशितका दरले कट्टी भई जमा हुने रकम,

३. समितिको निर्णयवाट तोकिएको बैकमा मर्मत सम्भार कोष नामको एक खाता खोली आर्थिक कारोवार सञ्चालन गरिने छ ।

४. यस कोषको खाता संचालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रतिनिधि र आर्थिक प्रशासन प्रमुख वा प्रमुखबाट तोकीएको प्रतनिधिको संयुक्त दस्तखतवाट गरिने छ ।

## १३. कोषको प्रयोग

१. यस कोषको रकम देहाय वमोजिमको कामका लागि प्रयोग गर्न सकिने छ ।

(क) नियमित मर्मत सम्भारको कार्य गर्न गराउन

(ख) सार्वजनिक वाटो, पुल, पुलेसा प्रति सकारात्मक धारण, सम्मान, मर्यादा र दायित्ववोध वारे जनचेतना अभिवृद्धि गराउने ।

(ग) मर्मत सम्भार काम गर्ने संस्थाहरु विच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरिवेक्षण र अनुगमन गर्ने ।

(घ) सामाजिक सचेतना तथा सहभागिता मूलक कार्यक्रम संचालन गर्न

## १४. नपुग रकमको व्यवस्था

रकम अभाव भई संचालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि नगरपालिकामा आवश्यक व्यवस्थाका लागि प्राविधिकको सिफारिस सहित पेश गर्नु पर्नेछ ।

**१५. विवरण तयार पार्ने**

प्रत्येक आर्थिक वर्ष शुरु हुनु भन्दा अगावै कोष संचालन समितिवाट कार्यक्रम तयार पारी योजना शाखा मार्फत सम्वन्धित समितिमा पेश गर्नु पर्नेछ ।

**१६. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने**

आगामी आर्थिक वर्षमा मर्मत सम्भार कोषका लागि आवश्यक पर्ने रकमको लागि व्यवस्था मिलाउन नगर सभामा बजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्नेछ ।

**१७. बजेटको बांकी रकम**

एक आर्थिक वर्षमा हुन नसकी बांकी रहेको रकम आगामी वर्षको बजेटमा भुक्तानी दिने गरी समावेश गर्नु पर्नेछ ।

**१८. श्रेस्ता राख्ने**

१. कार्यालयले कोषको आय र व्ययको श्रेस्ता तोकिए वमोजिम राख्नु पर्नेछ ।

२. समितिले प्रशासनिक खर्च नगर सभावाट तोकिएको प्रतिशत भन्दा वढी गर्न पाउने छैन ।

३. नगर सभावाट उपलव्ध गराउने बजेटको रकम तोकिएको क्षेत्र वाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

**१८. बैठक भत्ता**

मर्मत सम्भार कोषको पदाधिकारीहरुले वैठकमा भाग लिए वापत नगर सभावाट तोकिए वमोजिमको मात्र वैठक भत्ता पाउने छन् ।

**१९. खाता संचालन**

कोषको आर्थिक कारोवारको लागि प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतवाट खाता संचालन गरिनेछ ।

**२०. लेखापरिक्षण**

मर्मत संम्भार कोषवाट भएको आय व्ययको आन्तरिक लेखापरिक्षण नगरपालिकाको आन्तरिक लेखापरिक्षण शाखावाट गरिनेछ भने अन्तिम लेखा परिक्षण महालेखा परिक्षक वाट हुनेछ ।

**परिच्छेद ४**

## कार्यानवयन व्यवस्थापन, समितिको गठन र निर्देशिका

## २१. कार्यान्वयन व्यवस्थापन

१. सम्पन्न पूर्वाधारहरुको मर्मत सम्भार कार्य उपभोक्ता समिति वा सोझै कामदार मार्फत वा ठेक्का मार्फत गराउने व्यवस्था गरिने छ । कुन काम कसरी गर्ने गराउने भन्ने विषयमा अवस्था हेरी समितिले तय गरे अनुसार हुनेछ । तर यस किसिमको कार्य गर्नका लागि नगरपालिकाको पूर्व स्वीकृती भने लिनु पर्ने छ ।

२. महाकाली नगरपालिकामा मर्मत सम्वन्धी कार्यलाई व्यवस्थित रुपमा संचालन गर्न देहाय वमोजिमको एक समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) संयोजक, पूर्वाधार विकास समिति | सदस्य |
| (ग) प्राविधिक शाखा प्रमुख | सदस्य |
| (घ) लेखा शाखा प्रमुख | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

१. यस निर्देशिका वमोजिम गठित समितिको नियमित वैठकमा कामसंग सम्वन्धीत कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिने छ ।

२. समितिको वैठक आवश्यकता अनुसार बस्ने छ ।

३. समितिका संयोजक लगायत अन्य सदस्यहरुले पाउने वैठक भत्ता प्रचलित कानून वमोजिम हुनेछ ।

## २२. समितिको वैठक

१. समितिको वैठक कम्तिमा चार महिनाको एकपटक र आवश्यक परेमा जुनसुकै वखत पनि वस्न सक्ने छ ।

२. समितिको वैठक संयोजकसंग परामर्श गरी सदस्य सचिवले वोलाउने छ ।

२१. समितिको वैठकको निर्णय सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा हुनेछ ।

## २३. समितिको काम कर्तव्य र अधिकार

१. आगामी आर्थिक वर्षमा नगर क्षेत्रभित्र मर्मत गरिनु पर्ने भौतिक संरचनाहरुको लागत सहितको विवरण संकलन गरी नगर सभामा पेश गर्ने ।

२. कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था गर्ने ।

३. कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्ययोजना वनाई कार्यान्वयन गर्ने ।

४. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसंग नगरपालिकाको सहमतिमा कार्यक्रमहरु उपलव्ध गराउने तर्फ आवश्यक पहल गर्ने ।

५. कोषको आय व्यय सम्वन्धी हर हिसावको लेखापरिक्षण गराई सो को लेखापरिक्षण प्रतिवेदन नगरपालिका मार्फत नगर सभामा पेश गर्ने ।

६.सचिवालय संचालन गर्न आवश्यक पर्ने कर्मचारीहरु लगायत खर्चको व्यवस्था कार्यालयवाटै मिलाउने व्यवस्था गर्ने ।

७. प्रत्येक महिना कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने ।

८. समितिमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

## २४. समितिका पदाधिकारीहरुको काम कतर्व्य र अधिकार

समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

**(क) संयोजकको काम कर्तव्य र अधिकार**

१. समितिको वैठकको अध्यक्षता गर्ने ।

२. कोषको सम्पूर्ण गतिविधिहरुको नेतृत्व गर्ने ।

३. कोष सम्वन्धी सम्पूर्ण उत्तरदायित्व वहन गर्ने ।

४. समितिवाट पारित वार्षिक कार्यक्रम तथा आय व्ययको विवरण

५. प्रस्तावित वजेटमा समावेश गरी नगर सभामा पेश गर्ने व्यवस्था मिलाउने ।

**(ख) सदस्य सचिवको काम कर्तव्य र अधिकार**

१.कोषको कार्यालय संचालन गर्ने ।

२. वैठकको निर्णय अभिलेख गरी राख्ने ।

३. वैठकको निर्णय कार्यान्वयन गर्ने ।

४. संयोजकको निर्देशन अनुसार कार्य संचालन गर्ने, गराउने ।

५. कोषको संचालन सम्वन्धी श्रेस्ता तथा चल अचल सम्पत्तीको जिम्मा लेखांकन गर्ने ।

६. वार्षिक आर्थिक प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन समितिमा पेश गर्ने ।

**(ग) सदस्यको काम कर्तव्य र अधिकार**

१.समितिको वैठकमा नियमित रुपमा भाग लिने ।

२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

३. कोषको प्रवर्द्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।

४. अध्यक्षको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने गराउने ।

# परिच्छेद ५

# मर्मत सम्भार सम्वन्धि व्यवस्था

**२५. मर्मत सम्भारका प्रकार**

मर्मत सम्भारका प्रकार निम्नानुसार हुनेछन् ।

१. नियमिति मर्मत सम्भार

२. पटके मर्मत सम्भार

३. आवधिक मर्मत सम्भार

४. आकस्मिक मर्मत सम्भार

५. रोकथाममूलक मर्मत सम्भार

६. विशेष मर्मत सुधार

**२६. प्राथमिकताक्रम**

मर्मत सम्भार समितिले उपलव्ध साधन र श्रोत समेतलाई ध्यान दिदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्य संचालन गरिने छ ।

१. आकस्मिक मर्मत सुधार

२. नियमित मर्मत सुधार

३. पटके मर्मत सुधार

४. आवधिक मर्मत सुधार

५. रोकथाममुलक मर्मत सुधार

६. वाटो नाली मर्मत सुधार

**(ग) सडक मर्मत सम्भार उपभोक्ता समितिको कोष व्यवस्थापन**

२७. नगरपालिकाले सडक मर्मत सम्भार समितिको पहलमा स्थानीय सडक मर्मत सम्भार उपभोक्ता समितिवाट परिचालन हुने गरी मर्मत सम्भार कोष स्थापना गर्न सक्ने छ । यस कोषमा नगरपालिकावाट सम्वन्धित सडक मर्मत सम्भारका लागि प्राप्त रकमहरु रहने छन् । यस अतिरिक्त स्थानीय सडक मर्मत सम्भार उपभोक्ता समितिले स्वीकृत विधान बमोजिम थप स्रोतहरु समेत जुटाई रकम संचय गर्न र कोषको परिचालन गर्न समेत सक्नेछ ।

२. यस मर्मत सम्भार उपभोक्ता समितिको कोषमा निम्नानुसार रकम जम्मा गरिने छ ।

(क) नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार तोकिएको सडकमा मर्मत सम्भारको लागि विनियोजन भै नगरपालिकामा प्राप्त हुने रकम ।

(ख) सवारी कर र जरीवाना रकम ।

(ग) प्रत्यक्ष लाभ प्राप्त गर्ने घर परिवार एवं अन्य उपभोक्ताहरुबाट प्राप्त नगद वा स्वेच्छिक श्रमको रकम ।

(घ) सडक वोर्ड नेपालवाट तोकिएको सडकलाई विनियोजित रकम मध्येवाट उपभाक्ता समिति मार्फत मर्मत कार्यका लागि नगरपालिका मार्फत उपलव्ध हुने रकम ।

**२८. बार्षिक मर्मत सुधार योजना**

नगरपालिकाले निम्न विवरण सहितको निर्धारित ढांचामा वार्षिक मर्मत सुधार योजना तयार गरी नगरसभावाट स्वीकृत गराई राख्ने छ ।

१. मर्मत सम्भार आवश्यक भएको सडकको विवरण

२. मर्मत सम्भार कार्यको प्रकार

३. मर्मत संभार कार्यको प्राथमिकता

४. मर्मत सम्भार कार्यको डिजाईन तथा लागत अनुमान

५. उपलव्ध भौतिक सेवा सुविधा र प्राविधिक श्रोतको जानकारी

६. कार्यान्वयन प्रकृयाको किसिम

७. प्राथमिकिकरण अनुमानित तालिका

८. मर्मत सम्भार कार्ययोजना

२९. विभिन्न निकायको भूमिका

नगरस्तरीय मर्मत सम्भारको समुचित कार्यान्वयनका लागि नगरमा नगरपालिकाका अतिरिक्त नगरपालिकासंग सीमाना जोडिएका अन्य स्थानीय तह, उपभोक्ता समिति, सडक मर्मत सम्भार समितिहरुको पनि महत्वपूर्ण भूमिका रहनेछ ।

## परिच्छेद ६
## विविध

**३०. अनुगमन तथा मूल्याङ्कन**

नगरपालिकाको मर्मत सम्भार कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मूल्यांकन व्यवस्था देहाय वमोजिम हुनेछ ।

(क) नगरपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयन सन्दर्भमा अनुगमन, निरिक्षण तथा मूल्यांकन गर्दा दफा २१ को उपदफा (२) बमोजिम गठित समितिसंग समवय गरी गर्ने छ ।

(ख) कार्यक्रम संचालन भै कार्यान्वयन भएकोमा प्राविधिक मूल्यांकनको आधारमा पेश्की दिन सकिने छ ।

(ग) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्याँङ्कनको आधारमा दिईने छ ।

(घ) अनुगमन तथा मूल्यांकनको आधारमा कार्यक्रमहरुको जांचपास तथा फरफारक गरिने छ ।

(ङ) अनुगमन तथा मूल्यांकन सम्वन्धी खर्चको व्यवस्था नगरपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

(च) उपभोक्ता समितिहरुवाट हुने मर्मत सम्वन्धी कार्यको अनुगमन गर्दा विल भरपाई लगायत विवरण संकलन काममा संलग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ ।

**३१. विवरण सार्वजनिक गर्नु पर्ने**

मर्मत सम्भार सम्वन्धी कार्यक्रमका लागि गरिएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्दछ ।

**२०. पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्न सक्ने**

राम्रो काम गर्ने उपभोक्ता समिति तथा कर्मचारीलाई महाकाली नगरपालिकाले नगद पुरस्कार वा प्रशंसापत्र दिन सक्ने छ ।

**२१. जांचपास र फरफारक**

यस कार्यक्रम अन्तरगत संचालित स साना कार्यक्रमहरु पनि सम्पन्न भए पछि समयमा नै जांचपास गरी त्यसको फरफारक गराउनु पर्नेछ ।

**२२. प्रतिवेदन**

समितिवाट भए गरेको काम कार्यहरुको प्रगति प्रतिवेदन कार्यालय मार्फत नियमित रुपमा सम्वन्धित निकायहरुमा पठाई राख्नु पर्नेछ ।

**२३. संशोधन तथा वचाउ**

१. यस निर्देशिकामा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्वन्धित प्रचलित ऐन नियमको परिधि भित्र रही नगर सभाले गर्न सक्ने छ ।

२. यस निर्देशिकामा उल्लेख भएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम तथा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

३. निर्देशिकामा लेखिएका कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य कानून संग वाभिएमा वाभिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

४. साविक अपी नगरपालिका हाल महाकाली नगरपालिकाबाट जारी भएको अपी नगरपालिका मर्मत सम्भार विशेष कोष सञ्चालन निर्देशिका २०७२खारेजी गरिएको छ र उक्त निर्देशिका बमोजिम , हाल सम्म भई गरेका काम कार्वाहीहरु यसै निर्देशिका बमोजिम गरेको मानिनेछ ।

आज्ञाले,
खेम राज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत